प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

दाङ

☎ ०८२-५६०००४

☎ ०८२-५६३३६९


मिति : २०७८/९/१

## सूचना !          सूचना ! !          सूचना ! ! !

**विषय : भगत सर्वजित सिप विकास प्रवर्द्धन कार्यक्रम (दलित लक्षीत) तालिम सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भगत सर्वजित सिप विकास प्रवर्द्धन (दलित लक्षित) कार्यक्रममा २० जनालाई नि:शुल्क एडभान्स कटाई सिलाई (सर्ट, पाइन्ट, कोट, दौरा सुरुवाल, विभिन्न जातीका कपडा समेत तयारी गर्ने सम्बन्धी) सिप तालिम प्रदान गरी प्रविधी समेत हस्तान्तरण (मेशिन उपकरण प्रदान) गर्ने कार्यक्रम रहेकाले तपशिलको सुविधामा तालिम गर्न इच्छुक दलित व्यक्तिहरुले मात्र यस कार्यालयवाट निशुल्क प्राप्त हुने फारम भरी यो सूचना प्रकाशित मितिले १५ दिन भित्र सो दिन विदा परेमा कार्यालय खुलेको अर्को एक दिन सम्म कार्यालय समय भित्र फारम भरी यस कार्यालयमा पेश गर्न सबैलाई सुचित गरिन्छ ।

**तालिमका सहभागिलाई प्राप्त हुने सेवा सुविधा**

१. तालिम सामग्री नि: शुल्क कार्यालयले उपलब्ध गराउने छ ।

२. प्रशिक्षार्थीहरुलाई हाजिर भएको दिनको खाजा खर्च रु १००/ तालिम समाप्त भएपछि एकमुष्ट नगदै प्रदान गरिनेछ ।

३. तालिम समाप्ती पछि प्रमाण-पत्र प्रदान गरिनेछ । यदि ८०% उपस्थित नहुने प्रशिक्षार्थीलाई कुनै पनि सेवा सुविधा प्रदान गरिने छैन ।

४. तालिम समाप्ती पछि प्रशिक्षार्थीलाई तालिम अवधीमा प्रयोग भएका वा आवश्यकता र बजेट व्यवस्था हुने भएमा थप मेशिन उपकरण ८०% कार्यालयको र २०% प्रशिक्षार्थीको हुनेगरी मेशिन उपकरण प्रदान गर्न सकिनेछ ।

५. तालिम अवधी वढीमा ३ महिना हुनेछ ।

६. तालिम घोराही हुने भएमा घरेलु तथा साना उद्योग कार्यालय दाङको तालिम हलमा कम्तीमा दैनिक ४ घण्टा सञ्चालन हुनेछ ।

७. १० जना भन्दा वढी प्रशिक्षार्थी एकै ठाउँमा आवेदन परेमा सोहि ठाउँमा समेत कार्यालयले तालिम सञ्चालन गर्न सक्नेछ ।

८. एक परिवारमा एक जना मात्र समावेश गरिनेछ ।

९. आवश्यकता भन्दा वढि आवेदन परेमा अन्तरवार्तावाट छनौट गरिनेछ ।

१०. तालिम स्थल देखि ६ कोष भन्दा टाढावाट आउने सहभागीलाई हाजीर भएको दिनको रु ३००/ (तीन सय) खाना तथा यातायात खर्च उपलब्ध गराइनेछ ।

११.तालिम सञ्चालन हुने मिति पछि जानकारी गराइने छ ।

निमित्त प्रमुख उद्योग अधिकृत